# शिक्षण पेसामा महिला शिक्षक सहभागिताको प्रभाव

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन
विभाग स्नातकोत्तर तह (एम.एड) दोस्रो वर्षको आंशिक आवश्यकता
परिपूर्तिका लागि प्रस्तुत

**शोधपत्र**


**शोधकर्ता**
प्रेमराज गौतम
क्याम्पस क्रमाङ्क : ५६/२०७०
परीक्षा क्रमाङ्क : २०४०१४३/२०७२
त्रि.वि.द.नं.: ५-१-२-००७४-९६



**कनकाई बहुमुखी क्याम्पस**
**शैक्षिक योजना तथा व्यवस्थापन विभाग**
**सुरुङ्गा, झापा, नेपाल**
**वि.सं.२०७५ (इ.सं.२०१९)**

त्रि.वि.बाट सम्बन्धन प्राप्त
कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था : २०४७
०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :.........................

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका परीक्षा क्रमाङ्क २०४०१४३/२०७२ का छात्र प्रेमराज गौतमले मेरो प्रत्यक्ष निर्देशनमा **शिक्षण पेसामा महिला शिक्षक सहभागिताको प्रभाव** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मिति : २९ नोभेम्बर २०१८

मोहनप्रसाद ओली
शोध निर्देशक

त्रि.वि.बाट सम्बन्धन प्राप्त
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :............................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्ष परीक्षा क्रमाङ्क २०४०१४३/२०७२ का छात्र प्रेमराज गौतमले **शिक्षण पेसामा महिला शिक्षक सहभागिताको प्रभाव** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ।

शोध मूल्याङ्कन समिति

| नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|
| १. सहायक प्रा. मोहनप्रसाद ओली | विभागीय प्रमुख | ........................ |
| २. सहायक प्रा. मोहनप्रसाद ओली | शोध निर्देशक | ........................ |
| ३. प्रा.डा. प्रदिपचन्द्र गौतम | बाह्य परीक्षक | ........................ |

मिति : १७ जनवरी २०१९

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत शैक्षिक योजना तथा व्यवस्थपन विषय स्नातकोत्तर तह दोस्रो वर्ष शोधपत्रको आवश्यकता पूरा गर्नका लागि यो शोधपत्र तयार गरिएको छ। प्रस्तुत शोधपत्र **शिक्षण पेसामा महिला शिक्षक सहभागिताको प्रभाव** शीर्षक हो । शोधपत्र स्वीकृत गरी यो विषयमा शोधकार्य गर्ने अवसर प्रदान गरेकामा यस कनकाई बहुमुखी क्याम्पसप्रति आभार प्रकट गर्दछु । यस शोधकार्यको सुरुदेखि अन्तिम लेखाइसम्म निरन्तर रूपमा आवश्यक निर्देशन तथा महत्वपूर्ण सल्लाह, सुझाव एवं हौसला दिई पथ प्रदर्शन गरी सहयोग पुऱ्याउनु हुने कनकाई बहुमुखी क्याम्पसका आदरणीय गुरु तथा शोधनिर्देशक श्री मोहनप्रसाद ओलीप्रति कृतज्ञता ज्ञापन गर्दछु । कनकाई बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख विकास उप्रेती, विभागीय प्रमुख श्री मोहनप्रसाद ओलीप्रति आभार प्रकट गर्दछु। यस शोधकार्यको अध्ययनको क्रममा प्रश्नावलीले मागेअनुसार अन्तर्वार्ता तथा समूह छलफलमा सहभागी भई आवश्यक सूचना उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने सम्बन्धित अध्ययन क्षेत्रका स्रोतव्यक्तिहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, प्रधानाध्यापकहरू, महिला शिक्षकहरू, विद्यालयका छात्रछात्राहरू तथा अभिभावकहरूलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु। औपचारिक शिक्षादेखि यस तहसम्म आइपुग्नका लागि आफ्नो अमूल्य समय, श्रम र धन खर्चेर उत्साह र प्रेरणाका साथ सुनौलो अवसर सिर्जना गर्न अहोरात्र लागिपर्ने परमपूजनीय मातापिताप्रति सदैव ऋणी छु ।

यसै क्रममा हरतरहले सहयोग पुऱ्याउने सम्पूर्ण मेरा परिवारप्रति आभारी छु । मेरो यस कार्यलाई सम्पन्न गर्ने क्रममा विभिन्न सामग्री उपलब्ध गराउनुको साथै आवश्यक सल्लाह, सुझाव प्रदान गरी उत्साह बढाउन सहयोग पुऱ्याउनु हुने जो कोहीलाई धन्यवाद दिन चाहन्छु। अन्त्यमा यस शोधपत्रको कम्प्युटर टाइपिङ्गमा सहयोग पुऱ्याउनु हुने सौजन्य डेस्कटप बिर्तामोडकी मैया बरालप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

-------------

प्रेमराज गौतम

# शोधसार

*त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विषयक स्नातकोत्तर तह दोस्रो वर्षको शोधपत्रको रूपमा प्रस्तुत गरिएको छ । यस अनुसन्धानको शीर्षक* ***शिक्षण पेसामा महिला शिक्षक सहभागिताको प्रभाव****को रूपमा छनोट गरिएको छ । यस अध्ययनको मुख्य केन्द्रबिन्दु शिक्षण पेसामा महिला सहभागिता र व्यवस्थापनले शिक्षाको गुणस्तर विकासमा पुऱ्याएको सहयोगको खोजी गर्नु हो ।*

*अनुसन्धानको क्रममा प्रयोगमा ल्याइएका अनुसन्धानात्मक ढाँचामा परिमाणात्मक र गुणात्मक दुवैको मिश्रित विधि अपनाइएको छ । अध्ययन क्षेत्रमा रहेका विद्यालय तथा स्रोतकेन्द्र सुविधाजनक विधिका आधारमा छनौट गरी तथ्याङ्क सङ्कलन गर्ने प्रयास गरिएको छ । यसै सिलसिलामा झापा जिल्लाका १७ वटा स्रोतकेन्द्रभित्रका २८ वटा विद्यालयहरूमध्ये पाँचवटा विद्यालय (आधारभूत र मा.वि.) दुवै तहका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, महिला शिक्षक तथा पुरुष शिक्षक, विद्यालयका छात्रछात्रालाई उद्देश्यमूलक नमुनाको रूपमा छनौट गरिएको छ ।*

*यस अनुसन्धानमा प्राथमिक र द्वितीय दुवै प्रकारका स्रोतहरू उपयोग गरी सत्य तथ्य तथ्याङ्क प्राप्त गर्ने प्रयास गरिएको छ । अध्ययनको क्रममा प्रश्नावली, अन्तर्वार्ता, स्थलगत सर्भेक्षण र अवलोकन विधिका साधनहरू प्राथमिक स्रोतका रूपमा र लेख, रचना, शैक्षिक नीति नियम, अनुसन्धानात्मक प्रतिवेदन, अप्रकाशित शोधपत्र, विद्यालय अभिलेखहरू आदि द्वितीय स्रोतका रूपमा प्रयोग गरिएका छन् ।*

*शिक्षण पेसामा महिला शिक्षकको सहभागिता र व्यवस्थापनले पारेको प्रभाव सम्बन्धी विषयवस्तुलाई विशेष केन्द्रित गरी गरिएको अनुसन्धानबाट प्राप्त भएका नतिजामा महिला शिक्षकलाई विज्ञापन, नियुक्ति, छनौट र पदस्थापनमा राज्यले विशेष प्राथमिकता दिएको परिप्रेक्ष्यमा पदस्थापनाका बेला दुर्गम ठाउँमा जाने मञ्जुर भए पनि सरुवा गरी घरपायक पुग्ने गरेकाले शैक्षिक नीति कार्यान्वयनमा बाधा व्यवधान पुग्ने गरेको पाइयो । नारी शिक्षा र लैङ्गिक मुद्दासम्बन्धी दस्तावेजहरूले शिक्षा क्षेत्रको लैङ्गिक असमानता र विभेद चिर्न महिला शिक्षकको पेसामा सहभागिताले बालिकाहरूले पछि परिवार हेरचाह, समस्या समाधान गर्न सक्छन् र आफ्नो पढाइलाई पनि निरन्तरता दिँदै जान सक्छन् । साथै भविष्यमा घर परिवार तथा समाजमा अपेक्षित भूमिका निर्वाह गर्नका लागि आउने पिढीका बालबालिकाहरूलाई पनि शिक्षा लिनका लागि तयार पार्नेछन् । लैङ्गिक हिसाबले*

*संवेदनशील महिला शिक्षकले विद्यालय, कक्षाकोठा र अन्य क्षेत्रमा लैङ्गिक समानताको सिद्धान्तको स्थापित गर्न तथा शैक्षिक उपलब्धि वृद्धि गर्न सक्षम हुन्छन् । सहनशीलता र लगनशीलता, बालमैत्री शिक्षण, बालबालिकाको मनोसामाजिक भावना बुझेर समस्या समाधान गर्ने र शिक्षणमा प्रभावकारिता ल्याउने विश्वासका साथ महिला शिक्षकको सहभागिता बढाइनुपर्छ भन्ने धारणा सरोकारवाला पक्षबाट प्राप्त भयो। यसका अलावा छात्रा भर्ना अभियान र रमाइलो वातावरणमा शिक्षण गर्ने हुँदा सिकाइमा प्रभावकारिता राम्रो पाइयो । महिला शिक्षकले विशेष कक्षा छाड्ने र दोहोऱ्याउने दर घटाउन र शैक्षिक गुणस्तर विकास गर्न जिम्मेवारीपूर्वक काम गरेको पाइयो ।*

*महिला शिक्षकको भूमिकाप्रति आम विश्वास नभएकाले विद्यालयभित्र र बाहिरका कार्यमा सरिक गराउन कठिन भइरहेकाले गर्दा यसतर्फ सचेत हुन जरुरी छ। साथै पारिवारिक झन्झट, चिन्ता, अनावश्यक कुरामा समय बिताउने र प्रविधिमैत्री शिक्षणमा सहभागी हुन नखोज्ने प्रवृत्तितर्फ सचेत भई व्यवस्थापन पक्षको विश्वास जित्न सक्ने गरी अघि बढ्नुपर्छ । महिला शिक्षकप्रतिको दृष्टिकोणमा परिवर्तन ल्याउन जरुरी छ ।*

*सीमित स्रोत, समय र सीमा क्षेत्रभित्र रही प्राप्त सूचना तथा तथ्याङ्क सङ्कलन गरी अध्ययन गरिएको यो शोधले महिला शिक्षकको क्षेत्रमा नीतिगत सुधार गर्न र नवीनतम विधि पद्धतिहरूलाई अवलम्बन गर्न यस शोधले सहयोग पुग्ने अपेक्षा गरिएको छ । महिला शिक्षकहरू संवेदनशील हुन्छन्, बालबालिकालाई आफ्नो बच्चा सरह माया गर्ने, स्याहार सुधार गर्ने, नयाँ नयाँ क्रियाकलाप गराउने र विद्यालयमा छात्रा नियमितता गराउन महत्त्वपूर्ण भूमिका खेल्ने हुनाले महिलाहरूलाई विशेष प्रोत्साहन दिएर शिक्षा क्षेत्रमा उनीहरूको पहुँच बढाउनुपर्दछ। अन्त्यमा हाम्रो आधुनिक सोच, सामाजिक संरचना, सांस्कृतिक प्रभाव, परम्पराका कारणले आम दृष्टिकोणमा अन्तर आई कतिपय अवस्था र स्थानमा महिला र पुरुषबीच चरम विभेद छ । विभेदको परिणाम महिला हिंसा, बलात्कार, बेचविखन र अन्य जघन्य अपराधहरू एकपछि अर्को घटिरहेका छन् । यी कुरा समेतलाई न्यूनीकरण गर्न मद्दत पुग्ने हुनाले यस विधामा उठान भएका समस्याहरू समाधान गर्न सकिने हदसम्म महिला शिक्षकलाई शिक्षण पेसामा उल्लेख्य सहभागी गराई व्यवस्थापनका लागि राज्य तथा स्थानीय सरोकारवालाको संयुक्त प्रसास हुन जरुरी देखिन्छ ।*

## विषयसूची

**विषय** **पृष्ठ**

**परिच्छेद एक : परिचय** **१-१४**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ९

१.३ अध्ययनको औचित्य ११

१.४ अध्ययनको उद्देश्य १३

१.५ अनुसन्धानात्मक प्रश्नहरू १३

१.६ अध्ययनको परिसीमा १४

**अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** **१५-२२**

२.१. सम्बन्धित साहित्यको पुनरावलोकन १५

२.२ अध्ययनको सैद्धान्तिक खाका १८

२.३ शैक्षिक उपादेयता २१

**परिच्छेद तीन : अध्ययन विधि र प्रक्रिया** **२३-२७**

३.१ अनुसन्धानात्मक ढाँचा २३

३.२ जनसङ्ख्या र नमूना छनौट २३

३.३ तथ्याङ्कका स्रोतहरू २४

३.३.१ प्राथमिक स्रोत २४

३.३.२ द्वितीय स्रोत २५

३.४ तथ्याङ्क सङ्कलनका साधन २५

३.४.१ अवलोकन २५

३.४.२ प्रश्नावली २६

३.४.३ अन्तर्वार्ता २६

३.४.४ दस्तावेज विश्लेषण २६

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया २६

३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया २७

**परिच्छेद चार : नतिजाको छलफल** **२८-४४**

४.१ अध्ययन क्षेत्रमा महिला शिक्षकको अवस्था २९

४.१.१ अध्ययन क्षेत्रको विद्यार्थी तथ्याङ्क विवरणको अवस्था ३०

४.२ महिला शिक्षकको सहभागिताले सिकाइ उपलब्धिमा पारेको प्रभाव ३२
४.२.१ परीक्षामा सामेल विद्यार्थीको अवस्था ३२
४.२.२ अध्ययन क्षेत्रका विद्यार्थीको उत्तीर्ण अवस्था (सिकाइ उपलब्धि) ३३
४.२.३ अध्ययन क्षेत्रका विद्यालयहरूको औसत उपलब्धि अङ्क ३५
४.२.४ विषयको तुलनात्मक शैक्षिक उपलब्धि ३७
४.३ शैक्षिक सुधारका लागि महिला शिक्षकको भूमिका ३८
४.३.१ अध्ययन क्षेत्रमा कक्षा छाड्ने विद्यार्थीको विवरण ३८
४.३.२ कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको विवरणात्मक अवस्था ४०
४.४ महिला शिक्षकका समस्या न्यूनीकरण गर्ने उपायहरू ४१
४.४.१ महिला शिक्षकको शिक्षणप्रति विद्यार्थीको धारणा ४१
४.४.२ महिला शिक्षकको शिक्षण पेसामा भूमिकाप्रति प्र.अ.को धारणा ४२
४.४.३ महिला शिक्षकको शिक्षण सहभागितामा व्यवस्थापन समितिका अध्यक्षको धारणा ४३
४.४.४ समुदायसँग सहकार्य र सम्बन्ध बिस्तार ४४
**परिच्छेद पाँच : निष्कर्ष र कार्यान्वयन/सिफारिस ४५-५१**
५.१ निष्कर्ष ४५
५.२ कार्यान्वयन/सिफारिस ४६
५.२.१ नीतिगत तह ४६
५.२.२ अभ्यास तह ४८
५.२.३ अनुसन्धान तह ५०
सन्दर्भसामग्री सूची
अनुसूचीहरू

## तालिका सूची

**तालिका नं.** **पृष्ठ सङ्ख्या**


१ : प्राथमिक तह (विभिन्न विद्यालयहरू) महिला शिक्षकको वर्तमान अवस्था २९

२ : प्राथमिक तहमा विद्यार्थीको भर्ना अवस्था (२०७४) ३१

३ : परीक्षामा सामेल विद्यार्थीको अवस्था ३२

४ : अध्ययन क्षेत्रका विद्यार्थीहरूको उत्तीर्ण अवस्था ३४

५ : विषयगत शैक्षिक उपलब्धि २०७४ ३५

६ : प्राथमिक तहको शैक्षिक उपलब्धि ३६

७ : उपलब्धिको तुलनात्मक विवरण (महिला र पुरुष शिक्षकबीच) ३७

८ : अध्ययन क्षेत्रमा कक्षा छाड्ने विद्यार्थीको विवरण ३९

९ : कक्षा दोऱ्याउने विद्यार्थीको विवरणात्मक अवस्था ४०

१० : महिला शिक्षकको शिक्षणप्रति विद्यार्थीको धारणा ४१

११ : महिला शिक्षकको शिक्षणमा प्रभावबारे प्र.अ.को धारणा ४२

१२ : महिला शिक्षकको शिक्षण व्यवहारमा वि.व्य.स. अध्यक्षको धारणा ४३

# चित्र सूची

**चित्र नं.** **पृष्ठ सङ्ख्या**

१ : प्राथमिक तह (विभिन्न विद्यालयहरू) महिला शिक्षकको वर्तमान अवस्था ३०

२ : प्राथमिक तहमा विद्यार्थीको भर्ना अवस्था (२०७४) ३१

३ : परीक्षामा सामेल विद्यार्थीको अवस्था ३३

४ : अध्ययन क्षेत्रका विद्यार्थीहरूको उत्तीर्ण अवस्था ३४

५ : प्राथमिक तहको शैक्षिक उपलब्धि ३६

६ : अध्ययन क्षेत्रमा कक्षा छाड्ने विद्यार्थीको विवरण ३९